नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
प्रशासन तथा प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

प.सं. : २०७८/७९
च.नं. १०४६

मिति : २०७९/०३/१४

श्री सम्पूर्ण सञ्चारमाध्यमहरू ।

## आ.व. २०७९/८० का लागि दरबन्दी र श्रमजीवी विवरण पठाउनेसम्बन्धी
## अत्यन्त जरुरी सूचना

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम प्रत्येक वर्ष सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा रहेका दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ ।

यसै सन्दर्भमा आ.व. २०७९/८० को लागि सञ्चार प्रतिष्ठानमा (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन माध्यम) स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको वेवसाइट **www.doinepal.gov.np** मा रहेको **अनलाइन सेवा भित्र** रहेको **प्रेस तथा अनलाइन** मार्फत **२०७९ असार मसान्तभित्र** तपशीलबमोजिम पठाउनुहुन अनुरोध छ ।

**तपशील**

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम आगामी आ.व. २०७९/८० का लागि विभागमा बुझाउने दरवन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट www. doinepal.gov.np मा गई **अनलाइन सेवा** भित्र रहेको **प्रेस तथा अनलाइन** मार्फत भर्नुपर्नेछ ।

२) आ.व. २०७९/८० का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी नियुक्त गरी पेश गर्न सकिनेछ ।

३) **<u>५ जनाभन्दा बढी दरबन्दी</u>** भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण **<u>अनिवार्य</u>** भरेको हुनुपर्ने,

(क) तलवी विवरण Pay Roll को प्रमाणित

(ख) तलब भुक्तानीको लागि सम्बन्धित बैंकलाई लेखिएको बैंकद्वारा प्रमाणित पत्र,

(ख) सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै **<u>अनिवार्य</u>** अपलोड गर्नुपर्ने छ ।

४) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५ प्रतिशत मात्र करार सेवामा नियुक्त गर्न सकिने छ ।

५) तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।

६) विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी एकिन गरी पठाउनुपर्ने छ । पठाएको दरबन्दी विवरणमा संशोधन हुने छैन, गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।

७) विवरण भरिसकेपछि **<u>Confirmation Number</u>** प्राप्त हुनेछ । सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न, कागजात थप गर्नुपर्ने भए अपलोड गर्न सकिनेछ । **<u>Confirmation Number</u>** सुरक्षित राख्नुहोला ।

८) चालु आर्थिक वर्षमा दरबन्दी भरी **<u>Confirmation Number</u>** प्राप्त गर्नुभएका सञ्चारगृहहरुले सोही **<u>Confirmation Number</u>** बाट आफ्नो संस्थाको विवरण खोली थपघट गर्नु परेमा थपघट गरी पठाउन सक्नुहुनेछ ।

गंगा पौडेल
शाखा अधिकृत

**बोधार्थः**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**बोधार्थ तथा कार्यार्थः**

श्री हुलाक निर्देशनालय/कार्यालय (सबै) : यसै सूचना बमोजिम नवीकरण गर्नुहुन ।

श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम ।

श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम ।

श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं : तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन ।

फोन: ४११२७१७, ४११२५५१, ४११२७५३, फ्याक्स : ४११२६५२, वेवसाइड: www.doinepal.gov.np